**नेपाल सरकार**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

# लुम्बिनी अञ्चल अस्पतालबुटवल,रुपन्देही

सुचना प्रकाशन मिति : २०७१/१२/५

## शिलबन्दी बोलपत्र /दरभाउपत्र आव्हान सम्बन्धी सूचना

आ.व. २०७१/०७२ मा यस अस्पतालबाट हुने तपसिलमा उल्लेखित कार्य दरभाउपत्र/बोलपत्र द्वारा गराउनु पर्ने भएकोले निर्माण व्यवसायी ऐन २०५५ अन्तर्गत दर्ता भएका इच्छुक निर्माण व्यवसायीबाट तपसिलको सर्तको अधिनमा रहि सिलबन्दी दरभाउपत्र/बोलपत्र आव्हान गरिन्छ ।

***तपसिल***

१. यो सूचना प्रकाशित भएको मितिले दरभाउ पत्रको लागि १५ दिन तथा बोलपत्रको लागि ३० दिन भित्र कार्यालय समयमा यस अस्पतालबाट उल्लेख् भए बमोजिमको दस्तुर फिर्ता नहुने गरि नगदै बुझाई आ.व.२०७१/०७२ सम्म मान्य भएको आयकरको स्थायी लेखा नं. (PAN) लिएको, मु.अ.करमा दर्ता भएको प्रमाणपत्र, आ.ब. ०७०।०७१ को करचुक्ता प्रमाणपत्र र अध्यावधिक नविकरणसहितको ठेक्का इजाजतपत्रको ***नोटरी पब्लिक बाट*** प्रमाणित प्रतिलिपि संलग्न राखी आधिकारीक व्याक्ती वा प्रोपाइटरले लिखित रुपमा **अधिकार प्रत्यायोजन** गरेको आधिकारीक व्याक्तीबाट खरिद गर्न सकिने छ ।

२. **बोलपत्र /दरभाउ पेश गर्ने स्थान र तरिका** : बोलपत्र /दरभाउपत्र फारममको बि.ओ.क्यू.मा रकम अंक र अक्षरमा प्रष्ट संग लेखी प्रत्तेक पानामा सहिछाप गरि खाम भित्र राखी शिलबन्दी गरी यस अस्पतालमा तोकिएको समय भित्र दर्ता गरि सक्नु पर्नेछ ।

३. **बोलपत्र/दरभाउपत्र दर्ता तथा खोल्ने मिति** : ठे.नं. १७/२०७१/०७२ लागि सुचना प्रकाशित मितिले १६औ दिनको १२:०० बजे सम्म दर्ता तथा ठे.नं. १८/२०७१/०७२ को लागि सूचना प्रकाशित मितिले ३१ औ दिनको १२:०० बजे सम्म दर्ता र खोल्ने समय ठे.नं. १७/२०७१/०७२ लागि सुचना प्रकाशित मितिले १६औ दिनको २:०० बजे तथा ठे.नं. १८/२०७१/०७२ को सूचना प्रकासित भएको ३१ औ दिनको २.०० बजे यस अस्पतालमा बिभिन्न कार्यालयका प्रतिनिधि र बोलपत्र /दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र /दरभाउपत्र खोलिने छ । बोलपत्रदाता/दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र /दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

४. **बोलपत्र /दरभाउपत्र साथ पेश गर्नु पर्ने प्रमाण पत्रहरु :**
   क) फर्म दर्ता कागजातका प्रतिलिपी । ख) कर चुक्ता प्रमाणपत्रका प्रतिलिपी ।
   ग) धरौटी दाखिला सम्बन्धि बैक भौचर वा जमानत पत्र ।

५. **धरौटी :** तोकिए बमोजिमको धरौटी रकम राष्ट्रिय बाणिज्य बैक बुटवल खस्यौली शाखामा यस अस्पतालको ***धरौटी खाता नं.३१२०२०७००३४०१*** मा नगदै रकम जम्मा गरेको सक्कल भौचर अथवा मान्यता प्राप्त वाण्ज्यि बैंकले यस अस्पतालको नाममा जारी गरिएको दरभाउपत्रको लागि घटिमा ९० दिन र बोलपत्रको लागि घटीमा १२० दिन(बोलपत्र/दरभाउपत्र खोल्ने दिनबाट) अवधि उल्लेख भएको बैंक जमानत पत्र (बिडवण्ड) पेश गर्नुपर्ने छ ।

६. **अङ्क र अक्षर बाझिएमा :** बोलपत्र/दरभाउपत्रदाताको दररेट अङ्क र अक्षरमा फरक परेको पाइएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७. **निम्न लिखित रित नपुगेको बोलपत्र/दरभाउपत्रहरु उपर कावाही गरिने छैन :**
   क) विक्री भएको बोलपत्र /दरभाउपत्र फारम भरी नआएको । ख) शिलबन्दी भै नआएको ।
   ग) बोलपत्र /दरभाउपत्र दिनेको सही छाप भै नआएको । घ) तोकिएको म्याद भित्र दर्ता हुन नआएको ।
   ङ) प्रचलित ऐन नियम वमोजिम नभएको ।

८. **मु.अ.कर :** बोलपत्र /दरभाउपत्रदाताले दर रेट पेश गर्दा मूल्य अभिबृद्धि कर नजोडी पेश गर्नु पर्ने छ ।

९. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त हुन आएको बोलपत्र /दरभाउपत्र पूर्णरुपमा स्वीकार गर्ने, आंशिक रुपमा स्वीकार गर्ने अथवा पूर्णरुपमा रद्द गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ ।

१०. बोलपत्रको हकमा सूचना प्रकाशित भएको मितिले २० औ दिनको १:०० निर्माण कार्य गर्न इच्छुक निर्माण व्यावसायीहरु संग निर्माण स्थल र प्राविधिक स्पेसिफिकेशनका सम्बन्धमा छलफल गर्नका लागि यस कार्यलयमा बैठकको आयोजना हुनेछ ।

११. बोलपत्र/दरभाउपत्र दाताले बोलपत्र/दरभाउपत्र भर्दा निर्माण स्थल राम्ररी बुझि भरेको मानिनेछ ।

१२. बोलपत्र/दरभाउपत्र सम्बन्धी सूचना यस अस्पतालको वेभ साइट www.lzhospital.gov.np मा पनि हेर्न सकिनेछ ।

१३. अन्य कुराहरुको हकमा लुम्बिनी अञ्चल अस्पतालको आ.प्र.सम्बन्धि नियमावली, २०६३ र सार्वजनिक खरिद २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) एवं प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**तपसिलः**

| ठे.नं. | बिवरण | ल.ई.रकम भ्याट बाहेक | धरौटी रकम | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १७/०७१/०७२ | ओभरहेड पानी ट्याङ्गी मर्मत कार्य | ६,१४,९६४।८७ | १५,५००।०० | ३००।०० | |
| १८/०७१/०७२ | प्रशुति वार्ड माथि तला थप गर्ने कार्य | ४०,८८,७१०।२१ | १,०२,५००।०० | १,०००।०० | |

बोलपत्र/दरभाउपत्र खरिद गर्ने अन्तिम तथा खोल्ने दिन बिदा पर्न गएमा उक्त कार्य बिदा लगतै कार्यालय खोल्ने दिन तोकिएकै समयमा हुनेछ ।

मेडिकल सुपरीटेण्डेण्ट